परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : १६० पृष्ठ ४ २०८२ चैत्र १८ गते बुधवार 1 April, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




# नि:शुल्क स्वास्थ्य शिविर सफल, बर्दिबासका सयौं नागरिक लाभान्वित



● टक नेपाल

महोत्तरीको बर्दिबास नगरपालिका-५ मा 'सबैका लागि हामी' संस्थाको तेस्रो वार्षिकोत्सवको अवसरमा आयोजित बृहत नि:शुल्क स्वास्थ्य शिविर सफलतापूर्वक सम्पन्न भएको छ। "सबैका लागि हामी: सबैका लागि स्वास्थ्य" भन्ने मूल नाराका साथ सञ्चालन गरिएको उक्त शिविरबाट करिब ३०० जना सर्वसाधारणले प्रत्यक्ष लाभ लिएका छन्।

चैत्र १७ गते मंगलबार श्री सेम नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, ढुङ्गे गढन्ता (बर्दिबास-५) को प्राङ्गणमा सञ्चालन भएको शिविरमा विभिन्न विशेषज्ञ सेवा नि:शुल्क उपलब्ध गराइएको थियो। शिविरमा सामान्य चिकित्सा, स्त्री तथा प्रसुति रोग, बालरोग, शल्यक्रिया परामर्श, नेत्र तथा दन्त सेवा प्रदान गरिएको थियो। साथै मधुमेह जाँच, रक्तसमूह पहिचान र नि:शुल्क औषधी वितरण समेत गरिएको आयोजकले जनाएको छ।

उक्त कार्यक्रम बर्दिबास नगरपालिका तथा वडा नं.-५ को संरक्षणमा सम्पन्न भएको हो भने प्राविधिक सहयोग 'शुभ स्वस्तिक हस्पिटल प्रा.लि.' र 'बालमैत्री पोलिक्लिनिक प्रा.लि.' ले गरेका थिए। कार्यक्रमको संयोजन संस्थाका कार्यसमिति सदस्य सागर बस्नेतले गरेका थिए।

शिविरको उद्घाटन बर्दिबास नगरपालिकाकी उपप्रमुख तारादेवीले गरेकी थिइन् भने कार्यक्रम संस्थाका अध्यक्ष सुनिल साहको अध्यक्षतामा सम्पन्न भएको थियो। समापनका अवसरमा अध्यक्ष साहले शिविर सफल बनाउन सहयोग गर्ने सम्पूर्ण व्यक्ति तथा संस्थाहरूप्रति आभार व्यक्त गर्दै आगामी दिनमा यस्ता सामाजिक तथा स्वास्थ्यसम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइने प्रतिबद्धता व्यक्त गरेका छन्।

# बर्दिवास उद्योग वाणिज्य संघको निर्वाचन स्थगित

● टक नेपाल

महोत्तरीको बर्दिवास उद्योग वाणिज्य संघको निर्वाचन कार्यक्रम हालका लागि स्थगित गरिएको छ। निर्वाचन समितिको कार्यालयद्वारा जारी सूचनाअनुसार जिल्ला प्रशासन कार्यालय महोत्तरीको निर्देशनपछि निर्वाचन सम्बन्धी सम्पूर्ण प्रक्रिया रोकिएको हो।

निर्वाचन समितिका अनुसार, जिल्ला प्रशासन कार्यालयले पत्राचार गर्दै निर्वाचन प्रक्रियामा उठेका विषयवस्तुको सत्य-तथ्य बुझी आवश्यक कारबाही गर्न निर्देशन दिएको थियो। सोही निर्देशनलाई मध्यनजर गर्दै बसेको निर्वाचन समितिको बैठकले आवश्यक निर्णय गरेको हो।

बैठकले निर्वाचन प्रक्रिया, सदस्यता नवीकरण तथा उम्मेदवारीसँग सम्बन्धित विषयमा छानबिन गर्न ७ सदस्यीय समिति गठन गरेको छ। उक्त समितिले प्रतिवेदन पेश नगरेसम्मका लागि सम्पूर्ण निर्वाचन कार्यक्रम स्थगित गरिएको जनाइएको छ। निर्वाचन समितिले अर्को सूचना जारी नभएसम्मका लागि निर्वाचनका सबै गतिविधि रोकिएको स्पष्ट पारेको छ। यस निर्णयसँगै बर्दिवास क्षेत्रमा केही समयका लागि चुनावी माहोल शान्त बनेको छ भने व्यवसायीहरूबीच यस विषयमा चासो र बहस बढिरहेको छ।










पर्सिलका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### घोषणाभन्दा कार्यान्वयनको परीक्षा

नवगठित बालेन्द्र (बालेन) शाह नेतृत्वको सरकारले सार्वजनिक गरेको ‘शासकीय सुधारका सय बुँदा’ले समकालीन नेपाली राजनीतिक अभ्यासमा नयाँ बहस सुरु गरेको छ। सरकार गठनसँगै यति विस्तृत कार्यसूची ल्याइनु परम्पराभन्दा फरक मात्र होइन, परिवर्तनप्रतिको स्पष्ट संकेत पनि हो। यसले जनतामा आशा जगाएको छ भने सरकारलाई प्रत्यक्ष रूपमा उत्तरदायी बनाउने आधार पनि दिएको छ।

तर, घोषणाको उत्साहसँगै यसको कार्यान्वयन पक्षमा गम्भीर प्रश्नहरू उठ्नु स्वाभाविक छ। छोटो समयसीमा, अस्पष्ट कार्यान्वयन संयन्त्र र वित्तीय स्रोतको अभाव जस्ता चुनौतीहरूलाई सम्बोधन नगरेसम्म यी बुँदा व्यवहारमा रूपान्तरण हुन कठिन देखिन्छ। नेपालजस्तो जटिल प्रशासनिक संरचनामा नीति घोषणा मात्र पर्याप्त हुँदैन, त्यसका लागि कानुनी, संस्थागत र बजेटीय आधार अनिवार्य हुन्छ।

यस सन्दर्भमा सरकारको सफलता घोषणाको संख्यामा होइन, कार्यान्वयनको गुणस्तरमा निर्भर रहनेछ। यदि सरकारले यथार्थपरक योजना, चरणबद्ध रणनीति र स्पष्ट जिम्मेवारीसहित अघि बढ्न सक्छ भने यो पहल प्रभावकारी बन्न सक्छ। अन्यथा, यो पनि अघिल्ला घोषणाजस्तै कागजमै सीमित हुने जोखिम रहन्छ।

# ‘जनताका समस्या समाधानको पहल गर्छु’

● टक नेपाल ।

सिराहा निर्वाचन क्षेत्र नम्बर-२ बाट प्रतिनिधि सभा सदस्यमा शिवशङ्कर यादव निर्वाचित हुनुभयो । उहाँ प्रतिनिधि सभा निर्वाचनमा दोस्रो पटक उम्मेदवार बन्नुभएको थियो ।



**सङ्क्षिप्त चिनारी**

**नाम :** शिवशङ्कर यादव
**जन्मस्थान :** सुखीपुर नगरपालिका-२, विद्यानगर
**उमेर :** ३० वर्ष
**निर्वाचन क्षेत्र :** सिराहा-२, सिराहा
**शिक्षा :** स्नातकोत्तर
**दल :** राष्ट्रिय स्वतन्त्र पार्टी
**प्राप्त मत :** ३९ हजार ५६१

२०७९ सालको निर्वाचनमा हाम्रो नेपाली पार्टीबाट पहिलो पटक उम्मेदवार बनेको बेला उहाँले ६९९ मत ल्याएर चुनाव हार्नुभएको थियो । यादवले निरन्तर आफ्नो क्षेत्रका जनताको सुखदुःखमा साथ दिँदै आएको बताउनुभयो । फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट उम्मेदवारी दिनुभएको यादवलाई जनताले विगतमा गरेका सामाजिक कामकाजका कारण सहज स्वीकार गरी निर्वाचित गराएको उहाँको भनाइ छ । यस पटकको निर्वाचनमा यादवले ३९ हजार ५६१ मत प्राप्त गरी संसदीय यात्रा तय गर्नुभएको छ । उहाँले आफ्ना निकटतम प्रतिस्पर्धी संविधान सभाका सदस्यसमेत रहनुभएका नेपाली कांग्रेसका सिरहा जिल्ला सभापति रामचन्द्र यादवलाई २६ हजार ७४७ मतको अन्तरले पराजित गर्नुभएको हो । कांग्रेसका उम्मेदवार यादवले १२ हजार ८१४ मत प्राप्त गर्नुभएको थियो ।

भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका अगुवामध्ये एक प्रतिनिधि सभा सदस्य यादव १० वर्षसम्म निरन्तर काठमाडौँमा रही सामाजिक काम गर्नुभएको थियो । रत्न राज्यलक्ष्मी क्याम्पसबाट राजनीतिशास्त्रमा स्नातकोत्तरसम्मको शिक्षा हासिल गर्नुभएको छ। काठमाडौँमा उखु किसानले गर्ने गरेको आन्दोलन, चेलीबेटीको न्यायका लागि गरिएको अभियान, कोभिडको महामारीमा सिलिन्डर तथा निःशुल्क खाना वितरण कार्यमा सहभागी हुने गर्नुभएको थियो । सामाजिक कार्य गरिरहेका सांसद यादवले पछि राजनीतिमा सक्रिय भएको बताउनुभयो ।

जेनजी आन्दोलनपछि पूर्वप्रधान न्यायाधीश सुशीला कार्की नेतृत्वमा गठन भएको अन्तरिम सरकारको समयमा सिरहाका विभिन्न समस्या समाधानमा उहाँले अग्रसरता देखाउनुभएको थियो । तराई मधेशको जीवन रेखाका रूपमा रहेको हुलाकी सडकमा पर्ने कमला नदीको पुल निर्माण, किसानले भोग्दै आइरहेको बिउबिजन तथा मलखादलगायत स्थानीय समस्या समाधानका लागि गरिएको पहलका कारण यति फराकिलो मतान्तरले चुनावमा जित निकाल्न सहज भएको उहाँले सुनाउनुभयो ।

उहाँले जनतासँग गरिएका वाचा पूरा गराउने काममा आफूले निरन्तर लागि रहने बताउनुभयो ।

गोरखापत्रसँगको कुराकानीमा उहाँले शिक्षा, स्वास्थ्यसहित जनताको अधारभूत आवश्यकताका विषयलाई प्राथमिकतामा राखेर कामकाज हुन्छ । उहाँले भन्नुभयो, “जेनजी सहिदको सपना साकार गर्न सरकारलाई घचघचाउने काम गरिरहने छौँ ।” उत्तरमा चुरे दक्षिणमा भारतीय सीमासँग फैलिएको सिरहा क्षेत्र नम्बर २ मा चुनावमा मतदातासँग भेट्ने क्रममा यहाँका धेरै समस्या आफूले राम्ररी बुझेको बताउँदै उहाँले ती समस्या समाधानका लागि आफू प्रयासरत रहने बताउनुभयो । उहाँले थप्नुभयो, “सामुदायिक विद्यालयको सुधार, स्वास्थ्य क्षेत्रका समस्या समाधान र कृषकको बाहुल्यता रहेको यस क्षेत्रका किसानको उत्पादन बढाउनेदेखि लिएर बजार व्यवस्थापनमा स्थानीय सरकारसँग समन्वय गरी कामकाज गर्ने उहाँको भनाइ छ ।

उहाँले राष्ट्रिय स्वतन्त्र पार्टीले चुनावमा वितरण गरेको वाचापत्रमा उल्लेख भएका बुँदाको कार्यान्वयन गराउन सदनमा निरन्तर आवाज उठाउनुका साथै स्थानीय समस्याको सूची बनाएर समाधानका लागि प्रयासरत रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

## मालपोत कार्यालय बर्दिवासको हकदावि सम्बन्धी ३५ दिने सार्वजानिक सुचना

जिल्ला महोत्तरी हाल वर्दिवास न.पा. वडा नं. ९ मा बस्ने कुल बहादुर पुलामीको छोरा पदम बहादुर पुलामी मगरले बाबु कुल बहादुर पुलामी मगर तथा एक मात्र आमा जग्गाधनी गिता माया मगर्नी समेतको मृत्यु भएको र निजहरु पछी हकखाने नजिकका हकदार हामी छ भाई छोराहरु पदम बहादुर पुलामी मगर, लेख बहादुर पुलामी, हर्क बहादुर पुलामी, कुमार पुलामी मगर, राम बहादुर पुलामी र कृष्ण बहादुर पुलामी मगर रहेकोमा भाई हर्क बहादुर पुलामी मगरको मृत्यु भएको र निजको एकमात्र पत्नी बुहारी मन्दिरा पुलामी २०५२ साल देखि वेपता भएको हुँदा निजका छोरा विनोद पुलामी तथा अन्य भाईहरुको मन्जुरीमा आमा गिता माया मर्गनीको नाममा दर्ता कायम रहेको पशुपतिनगर ९क कि.नं. १९६, १९८, ७४, २०६ क्षे.फ. क्रमश ०-०-१०, ०-२-१०, ०-५-० र ०-१-१० जग्गाहरु मेरो नाममा एकलौटी नामसारी गरिपाउँ भनी निवेदन माग गरेकोले माग बमोजिम निवेदकका नाममा एकलौटी नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए ठोस सबुद प्रमाण सहीत यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी गर्न आउनु होला अन्यथा कानून बमोजिम भई जाने व्यहोरा जानकारी गराइन्छ ।






# पश्चिम एसिया तनावले धर्मराएको वैदेशिक रोजगारीबारे सरकारको कार्ययोजना कस्तो छ ?

● टक नेपाल

नयाँ जनादेशसहित बालेन्द्र (बालेन) शाहको नेतृत्वमा गठन भएको सरकारले आफ्नो १०० दिने कार्यसूची सार्वजनिक गरेको छ, जसमा १०० दिनभित्र गर्न सक्ने धेरै महत्त्वपूर्ण काम समावेश भएका छन् । कार्यसूचीमा नागरिक सेवालाई प्रविधिमैत्री बनाउने, झन्झटिलो प्रक्रिया हटाउने र संस्थागत सुदृढीकरण गर्ने लक्ष्य राखिएको छ ।

तर, बालेन सरकारले पछिल्लो समय सबैभन्दा संवेदनशील र जल्दोबल्दो विषयका रूपमा रहेको वैदेशिक रोजगारी क्षेत्रलाई बेवास्ता गरेको देखिएको छ। पश्चिम एसियामा जारी द्वन्द्वले यतिबेला नेपालको वैदेशिक रोजगारीको मुख्य गन्तव्यस्थल प्रभावित भएका छन् ।



बालेन सरकारले १ सय दिनभित्र गर्ने १ सय वटा कामको सूचीमा यो विषय समेटिएको छैन । ७५ प्रतिशत घरधुरीसँग प्रत्यक्ष जोडिएको र ३० लाखभन्दा बढी नेपाली संलग्न वैदेशिक रोजगारी नसमेटिनु अनौठो देखिएको छ।

सरकारी तथ्याङ्क अनुसार यूएईमा ९ लाख १५ हजार, साउदी अरेबियामा ३ लाख ८५ हजार, कतारमा ३ लाख ५८ हजार, कुवेतमा १ लाख ७५ हजार, बहराइनमा २८ हजार, इराकमा ३० हजार, साइप्रसमा १७ हजार र ओमानमा २५ हजार नेपाली श्रमिक कार्यरत छन्। तर, वैदेशिक रोजगार क्षेत्रलाई भने सरकारले १०० दिनको आफ्नो कार्यसूचीमा समावेश गरेको छैन।

हाल युद्धग्रस्त खाडी मुलुकबाट मात्रै नेपालमा कुल रेमिट्यान्सको आधा हिस्सा आउने गरेको छ । नेपाल भित्रिने कुल रेमिट्यान्समध्ये ४० प्रतिशतभन्दा बढी हिस्सा पश्चिम एसियाका क्षेत्रबाट आउने गरेको राष्ट्र बैंकले भन्दै आएको छ।

राष्ट्र बैंकका अनुसार नेपालमा मासिक २ खर्ब हाराहारी रेमिट्यान्स भित्रिने गरेको छ। तर यस्तो क्षेत्रमा सरकारले पहिलो प्राथमिकतामा नपर्नु सरकारले वैदेशिक रोजगारीको क्षेत्रलाई अपेक्षा गरेको देखिको वैदेशिक रोजगार व्यवसायी बताउँछन् । उनीहरूका अनुसार सरकारले पश्चिम एसियामा देखिएको समस्यालाई तत्काल सहजीकरण गर्नुपर्नेमा प्राथमिकतामा परेको देखिएन।

श्रमविज्ञ जीवन बानियाँले हालै सार्वजनिक भएको सरकारको १०० दिने कार्यसूचीमा वैदेशिक रोजगार क्षेत्र समावेश नभएको बताए। यद्यपि आन्तरिक रोजगारी सिर्जना, सिप विकास, उद्यमशीलता प्रवर्द्धन र फर्किएका नेपालीको पुनः एकीकरणजस्ता विषयहरू समावेश हुनु सकारात्मक पक्ष भएको उनले प्रस्ट पारे।

बानियाँले यस कार्यसूचीमा तत्काल प्राथमिकता दिनुपर्ने केही विषयलाई बेवास्ता गरेको भन्दै चिन्ता व्यक्त गरे। रोजगारी सिर्जना रातारात नहुने र यसका लागि लगानीमैत्री वातावरण, स्पष्ट नीति र पुँजी निर्माण आवश्यक रहेको उनले औँल्याए।

प्राथमिकतामा पर्नुपर्ने मुख्य विषयहरूमा आन्तरिक श्रम प्रशासनलाई चुस्त दुरुस्त बनाउनु, सामाजिक सुरक्षाको विषयलाई समेट्नु र नेपालमा अनौपचारिक क्षेत्रमा रहेको ठुलो संख्याको रोजगारीलाई औपचारिक दायरामा ल्याउनु पर्ने उनको भनाइ छ।

बानियाँले सुशासनको पक्षलाई जोड दिँदै वैदेशिक रोजगारी क्षेत्रमा देखिएका अनियमितता र भ्रष्टाचारका विषयमा सरकारको कार्यसूची मौन बसेको बताए।

विगतमा मनी लाउन्डरिङ, अवैध सम्पत्ति आर्जन तथा एजेन्सीहरूले श्रमिकबाट लिने उच्च लागतजस्ता समस्याहरू अत्यधिक देखिएकाले यसलाई सम्बोधन गर्न तत्काल कदम चाल्नुपर्ने उनको भनाइ छ । मध्यपूर्वमा रहेका नेपालीको हकमा भने १०० दिनको कार्यसूचीमा घर फिर्ती र आवश्यक सहयोग गर्ने विषय समावेश भएको उनले बताए।

विशेषगरी ३० लाखभन्दा बढी युवा विदेशमा श्रम गरिरहेको अवस्थामा सरकारले सुरक्षा, ठगी नियन्त्रण र श्रम कूटनीतिजस्ता विषयहरू कार्यसूचीमा स्पष्ट रूपमा नआउनु रणनीतिक कमजोरी देखिएको छ।

१०० दिनको कार्यसूचीको कमजोरी सच्याउन १० बुँदे कार्ययोजना

१०० दिनको कार्यसूचीमा वैदेशिक रोजगारको क्षेत्र समावेश नभएको भन्दै आलोचना भएसँगै सरकारले श्रम मन्त्रालयमार्फत १० बुँदे कार्ययोजना सार्वजनिक गरेको छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपक कुमार साहले आइतबार नै १० बुँदे ठोस निर्णय सार्वजनिक गरेका छन्। उनले विगतमा वैदेशिक रोजगारीमा जाने श्रमिकले भोग्दै आएको सास्तीलाई कम गर्न टोकन प्रणाली खारेज गरी आवेदन दिएकै दिन श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था मिलाएका छन्।

यसअघि हप्तौँ कुर्नुपर्ने बाध्यतालाई अन्त्य गर्दै प्रविधिमार्फत सेवा प्रवाह गर्ने यो निर्णयलाई श्रमिकका लागि ठुलो राहत मानिएको छ । त्यसैगरी, वर्षौंदेखि भौतिक रूपमा उपस्थित भएर लिइने पूर्वप्रस्थान अभिमुखीकरण तालिमलाई अब पूर्ण रूपमा अनलाइन र डिजिटल माध्यममा लैजाने निर्णय भएको छ।

सरकारको १०० बुँदे कार्यसूचीमा सिप विकास र रोजगारीलाई एकीकृत गर्ने योजना भने राखेको छ । जसअनुसार ६० दिनभित्र शिक्षा मन्त्रालय अन्तर्गतको सीटीईभीटी, श्रम मन्त्रालयको व्यावसायिक तालिम प्रतिष्ठान र उद्योग मन्त्रालयको औद्योगिक व्यवसाय विकास प्रतिष्ठानलाई गाभेर रोजगार, सिप तथा उद्यमशीलता केन्द्र बनाउने लक्ष्य राखिएको छ। यसले विभिन्न निकायबिच हुने समन्वयको अभाव र स्रोतको दोहोरोपनलाई अन्त्य गरी वैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरूको पुनः एकीकरण र स्वदेशमै उद्यमशीलता प्रवर्द्धन गराउने लक्ष्य सरकारले लिएको छ।

मध्यपूर्वमा विकसित घटनाक्रमले श्रम बजारमा पाने बहुआयामिक प्रभावको मूल्याङ्कन गर्न परराष्ट्र, श्रम र अर्थ मन्त्रालय सम्मिलित उच्चस्तरीय कार्यदल गठन गर्ने योजना बनाएको छ।

मन्त्रालयको पछिल्लो निर्देशनमा थप ५ नयाँ मुलुकसँग द्विपक्षीय श्रम सम्झौता गर्ने, न्यूनतम ज्यालाको पूर्ण कार्यान्वयन गर्ने र सामाजिक सुरक्षा कोषमा सबै श्रमिकलाई आबद्ध गराउने निर्णय गरेको छ।

विगतमा नीतिहरू धेरै बन्ने तर कार्यान्वयन पक्ष फितलो हुने परिपाटीले गर्दा श्रमिकहरू सधैँ मारमा पर्ने गरेका थिए। अहिलेको १०० बुँदे योजना र श्रम मन्त्रालयका निर्णयहरू कागजमा निकै सुधारवादी देखिए तापनि यसको वास्तविक सफलता भने कार्यान्वयनको गति र प्रविधिको सही परिचालनमा निर्भर गर्नेछ।

केन्द्रिकृत अधिकारलाई प्रदेश र स्थानीय तहसम्म पुऱ्याउँदै श्रमिकका समस्यालाई तल्लो स्तरबाटै समाधान गर्न सकेमा मात्र यी सरकारी घोषणाहरूले सार्थकता पाउने विज्ञहरूको भनाइ छ।

श्रम मन्त्रालयका प्रवक्ता पीताम्बर घिमिरेले सरकारले वैदेशिक रोजगारको क्षेत्रलाई बेवास्ता नभई थप व्यवस्थित बनाउने गरी कार्ययोजना सार्वजनिक गरेको बताए। उनले सरकारले आन्तरिक श्रम र वैदेशिक रोजगारीको क्षेत्रमा देखिएका सबै समस्यालाई समाधान गर्ने गरी कार्ययोजना बनाएर काम गर्ने योजना बनाएको सुनाए।

उनले भने, 'सरकारले अहिले नागरिकलाई तत्काल समस्या भएको क्षेत्रमा सेवा सहजीकरण गर्ने गरी कार्ययोजना आएको छ । अझै वैदेशिक रोजगारीको क्षेत्रमा सुशासन कायम गर्ने विषयमा योजनावद्ध रूपमा अघि बढ्ने गरी मन्त्रालय छलफलमा छ।'

सामाजिक सुरक्षा र न्यूनतम ज्यालाको कार्यान्वयन

सरकारले न्यूनतम ज्याला तोके पनि निजी क्षेत्र र अनौपचारिक क्षेत्रमा यसको कार्यान्वयन फितलो थियो । योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा धेरै श्रमिकहरू अझै आबद्ध हुन सकेका थिएनन्।

अब मन्त्रालयले न्यूनतम ज्यालाको पूर्ण कार्यान्वयन र सामाजिक सुरक्षा कोषमा सबै श्रमिकलाई आबद्ध गराउन देशव्यापी अभियान नै सञ्चालन गर्ने नीति लिएको छ। यसले श्रमिकको बुढ्यौली र स्वास्थ्य सुरक्षाको ग्यारेन्टी गर्ने भएको छ।

सरकारका १०० दिनका कार्यसूचीमा समावेश श्रम क्षेत्र र मन्त्रालयको १० बुँदे निर्णयहरू प्रभावकारी रूपमा लागु भएमा, नेपाली श्रमिकहरूले वर्षौंदेखि भोग्दै आएको सरकारी सास्तीबाट मुक्ति पाउने अपेक्षा गरिएको छ।

मानव बेचबिखन विरुद्ध सचेतना

❖ बेचबिखन ोक्न समाजमा चेतना फलाउन जरूी छ ।
❖ विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गाउनु पदछ ।
❖ पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुा सिकाउन जरूी छ ।
❖ समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ ।
❖ ोजगीका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकी गाउने गनुपछ ।
❖ व्यक्तिगत तवबाट आफु सचेत हि पवि साथीहरू सवलाइ सचेतना फलाउने ।
❖ शंकास्पद व्यक्ति जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ाख्ने पामश दिने आवश्यकता अनुसा सम्वन्धित ि नकायसँग समन्वय गने ।
❖ चोक, चाताा पसालमा समेत मानव बेचविखन विरूद्ध छलफल एवं बहस सञ्चालन गने लगायतका काय आवश्यक ।
❖ सामूहिक रूपमा मानव बेचविखनको जोखिममा हेका समूदाय क्षेत्र पहिचान गी मानब बेचविखन ोकथामका लागि अन्तक्रिया, सडक नाटक, याली, घदलो जस्ता कायक्रम गने ।
❖ मानव बेचविखनविरूद्ध क्रियाशिल सकाी ग सकाी संघसंस्थाहरूसँग समन्वय गने ।
❖ पीडित प्रभावितह लाइ आवश्यक सहयोग पामश प्रदान गने ।

एकडारा गाउँपालिका , महोत्तरी, मधेश प्रदेश

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

☞ २४ सं घण्टा इमजेन्सी सेवा
☞ ICU,NICU,PICU सेवा
☞ EndosocopyDiode Laser सेवा
☞ विभिन्न ोगहरुको विशेषज्ञ डाक्टहरुद्धाा उत्कष्ट स्वास्थ्य सेवा
☞ Laproscopy सेवा
☞ X-Ray, USG, CT Scan सेवा
☞ क्याबिनको समेत व्यवस्था भएको
☞ 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

## जनकपुरधाममा इन्सेकद्वारा
# मानव अधिकार वर्ष पुस्तक २०२६ सार्वजनिक



**● टक नेपाल**

आनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेश प्रदेशले मानव अधिकार वर्ष पुस्तक २०२६ सार्वजनिक गरेको छ। मंगलबार जनकपुरधाममा आयोजित एक कार्यक्रममा पुस्तकको ३३औं संस्करण सार्वजनिक गरिएको हो।

कार्यक्रमलाई सम्बोधन गर्दै मधेश प्रदेश सभा सदस्य तथा महिला, बालबालिका तथा सामाजिक न्याय समितिकी सभापति रुपा कुमारी यादवले मानव अधिकारका विषयमा निष्पक्ष छानबिन आवश्यक रहेको बताउनुभयो। उहाँले कुनै दवाव बिना मानव अधिकारका मुद्दामा निष्पक्षता कायम राख्नुपर्नेमा जोड दिनुभयो।

यस्तै कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुईटेलले राज्यले मानव अधिकार क्षेत्रमा गरेका सकारात्मक कार्यहरू पनि वर्ष पुस्तकमा समेटिनुपर्ने धारणा राख्नुभयो।

त्यस्तै, मधेश प्रदेश प्रहरी कार्यालयका प्रहरी नायब महानिरीक्षक (डिआइजी) गोविन्द थपलियाले मानव अधिकारकर्मी निष्पक्ष हुनुपर्ने बताउँदै बिचौलिया र दबाबका कारण पीडितले न्याय पाउन कठिन हुने अवस्था रहेको उल्लेख गर्नुभयो।

यसैगरी राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेशका संयोजक बुद्धनारायण सहनीले मानव अधिकार संरक्षण र प्रवर्द्धनका विषयमा व्यापक छलफल आवश्यक रहेको बताउनुभयो। उहाँले मानव अधिकारलाई मूलधारमा ल्याउने वातावरण सिर्जना गर्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा सहभागीहरू मधेश प्रदेश गृह, सञ्चार तथा कानुन मन्त्रालयका प्रतिनिधि, मानव अधिकारकमी तथा महिला अधिकारकर्मी र पत्रकारहरुले वर्ष पुस्तकमा केवल पीडितहरूको तथ्याङ्क मात्र नभई न्याय प्राप्त गरेका घटनाहरू, साथै मानव अधिकार क्षेत्रमा उत्कृष्ट कार्य गर्ने संघसंस्थाहरूको विवरण पनि समावेश गर्न सुझाव दिएका थिए।

कार्यक्रममा इन्सेक मधेशका संयोजक राजु पासवानले प्रस्तुत गर्नुभएको तथ्यांकअनुसार मधेश प्रदेशको राजधानी समेत रहेको धनुषा जिल्लामा मात्र दाइजोका कारण हिंसामा परेका महिलाको संख्या १२९ पुगेको छ, जुन देशकै सबैभन्दा उच्च रहेको उल्लेख गरिएको छ। साथै संयोजक पासवानले उक्त कार्यक्रममा छलफलमा उठेका सवालहरुलाई आगामी दिनमा सुधार गर्ने प्रतिवद्धता समेत जनाउनुभयो।

"बर्दिबास मिडिया प्रा. लि. द्वारा सञ्चालित"
टक नेपाल टि.भी.
टक नेपाल राष्ट्रिय दैनिक
बर्दिबास, महोत्तरी
मो.- ९८६३३२१०१४
हाम्रो सेवाहरु : अनलाईन टि.भी., अनलाईन न्यूज पोर्टल, डकुमेन्ट्री, फोटोग्राफी, भिडियोग्राफी लगायत मिडिया सम्बन्धी सम्पूर्ण काम गरिन्छ।

**जनहितमा जारी**

- ❖ बिना अनुमति बोङि नगनुहोस्।
- ❖ भूमिगत जलस्रोतको अनियन्त्रित दोहनले वातावणीय संकट निम्त्या(उँछ।
- ❖ जलस्रोतको वज्ञानिक दिगो प्रयोगमा जोड दिनुहोस्।
- ❖ खेती प्रणालीमा आधुनिक सिचाइ प्रविधि (जस्तः ड्रिप, स्प्रिंकल) अपनाआं।
- ❖ सम्बन्धित कायालयबाट सिचाइका लागि अनुमतिपत्र अनिवाय रूपमा लिनुहोस्।
- ❖ गहिो बोङि गदा भूगभीय अध्ययन सल्लाह लिनुहोस्।
- ❖ अनियन्त्रित बोङिले जमिन भासिने वा पानी सुक्ने समस्या आउन सक्छ।
- ❖ सावजनिक तथा सामुदायिक जलस्रोत संक्षणमा सामूहिक पहल गां।
- ❖ बेमासमी खेती तथा बहुवषीय बालीका लागि पानीको समुचित व्यवस्थापन गां।
- ❖ पानीको सिाइकल पुन:प्रयोग प्रविधि प्रयोगमा ल्याआं।
- ❖ कषकहरूलाइ सिचाइ सम्बन्धी नियमित तालिम जानकीमा सहभागी गाआं।
- ❖ जलस्रोत प्रयोगमा लंगिक समानता समावेशीतालाइ सुनिश्चित गां।
- ❖ 'जल छ भने जीवन छ' भन्ने कुलाइ व्यवहामा उतां।



एकडारा गाउँपालिका, महोत्तरी

# सप्तरीमा १४ हजार मेट्रिक टन चैते धान उत्पादन हुने अनुमान

**● टक नेपाल**



सप्तरीमा यस वर्ष चैते धानको उत्पादनमा वृद्धि हुने भएको छ। गत वर्षको तुलनामा यस वर्ष खेती गरिएको क्षेत्रफल बढेकाले उत्पादनमा पनि बढोत्तरी हुने देखिएको हो।

कृषि ज्ञान केन्द्र सप्तरीका अनुसार गत आर्थिक वर्षमा दुई हजार ८०० हेक्टर क्षेत्रफलमा चैते धान लगाइएकोमा १३ हजार ३५६ मेट्रिक टन उत्पादन भएको थियो। यस वर्ष भने खेतीको क्षेत्रफल विस्तार भई तीन हजार १०० हेक्टर पुगेकाले १४ हजार ७८७ मेट्रिक टन धान उत्पादन हुने अनुमान गरिएको छ।

कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख किशुनदेव राउतले जिल्लाका किसानहरू अझै पनि खेतमा चैते धान रोप्न व्यस्त रहेकाले यो तथ्याङ्क अझै बढ्न सक्ने बताउनुभयो। सप्तरीको हावापानी चैते धानका लागि उपयुक्त हुनुका साथै स्थानीय तहहरूले कृषि विद्युतीकरणमा जोड दिएकाले पनि किसानहरू यसतर्फ आकर्षित भएका हुन्।

"अहिले पालिकाहरूले किसानका लागि खेतमै बिजुली पुऱ्याएका छन्। बोरिङ र स्यालो ट्युबेलबाट सिँचाइ सहज भएकाले चैते धान खेतीप्रति किसानको उत्साह बढेको छ," प्रमुख राउतले भन्नुभयो। उहाँका अनुसार सिँचाइको उचित व्यवस्था, समयमै बीउबिजन र मलखाद उपलब्ध भएमा चैते धानको उत्पादन अझै उल्लेख्य रूपमा वृद्धि गर्न सकिन्छ।

सप्तरीका १८ वटा पालिकामध्ये छिन्नमस्ता, राजगढ, विष्णुपुर, तिलाठी कोइलाडी, महदेवा र रुपनी गाउँपालिकामा चैते धानको बढी खेती हुने गरेको छ। त्यस्तै हनुमाननगर कंकालिनी, बोदे बरसाइन, खडक र शम्भुनाथ नगरपालिकामा पनि चैते धानको उत्पादन राम्रो हुने गरेको ज्ञान केन्द्रले जनाएको छ।

**परिवारमा कसैलाई डेंगी लागेको छ भने अन्य सदस्य कसरी जोगिने ?**

यदि परिवारको कुनै सदस्यलाई डेंगी लागेको छ भने अन्य सदस्यलाई डेंगी लाग्न नदिन निम्न उपाय अपनाऔं:-

- सङ्क्रमितलाई झुल भित्र मात्र आराम गराउने वा सुताउने
- सङ्क्रमितको हेरचाहमा खटिँदा पूरा बाहुला भएको लुगा लगाउने
- लामखुट्टे धपाउन धूप, कोइल वा लिक्विड बाल्ने
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने
- घर वरपर पानी जम्न नदिने

एकडारा गाउँपालिका, महोत्तरी, मधेश प्रदेश

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014